CONSTRUCTION
INDUSTRY COUNCIL
建造業議會

# साधारण वेल्डर
# इन्टर्मिडिएट ट्रेड टेस्ट
# नमुना प्रयोगात्मक टेस्ट पेपर

此文件關於普通焊接工中級工藝測試考題。如有需要索取此文件的中文版本，請致電 2100 9000 與香港建造業工藝測試中心聯絡。

This document related to mock test paper of intermediate trade test for general welder. Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

# डिस्क्लेमर

*CIC को लिखित अनुमतिबिना यस सामग्रीको कुनै पनि भागलाई कुनै पनि रूपमा वा कुनै पनि माध्यमबाट पुनरुत्पादन वा प्रसारित गर्न नपाइसक्छ । यस सामग्रीमा रहेका जानकारीले सत्यता सुनिश्चित गर्न उचित प्रयासहरू गरिएतापनि CIC ले पाठकहरूलाई सम्भव भएसम्म पेशासँग सम्बन्धित सल्लाहकारहरूसँग उपयुक्त स्वतन्त्र सल्लाह खोज्न प्रोत्साहन गर्छ र पाठकहरूले कुनै पनि सम्बद्ध कामहरू गर्दा यस सामग्रीलाई उक्त पेशासम्बन्धी सल्लाहको विकल्पको रूपमा लिनु वा निर्भर पर्नु हुँदैन ।*

# सोधपुछहरू

यस सामग्रीको सम्बन्धमा भएका सोधपुछहरू हङकङ कन्स्ट्रक्सन इन्डस्ट्री ट्रेड टेस्टिङ सेन्टर लाई निम्न ठेगानामा सोध्न सकिन्छ:


| | |
|---|---|
| 95, Yue Kwong Road | ९५ यु कोङ्ग रोड |
| Aberdeen | एबरडीन |
| Hong Kong | होंगकोङ्ग |

| | |
|---|---|
| फोन नम्बर | : (852) 2100 9000 |
| फ्याक्स नम्बर | : (852) 2100 9090 |
| इमेल | : enquiry@cic.hk |
| वेबसाइट | : www.cic.hk |


©२०२०कन्स्ट्रक्सन इन्डस्ट्रि काउन्सिल

# इन्टर्मिडिएट ट्रेड टेस्ट

ट्रेड : साधारण वेल्डर

दर्जा : सेमी स्किलड कामदार

परिक्षाका बिषयहरु : निम्न कार्यहरु निर्देशित स्थानमा पुरा गर्नुहोस्:

a. समतल (flat) पोजिसनमा उपयुक्त इलेक्ट्रोड छानी , सहि मात्रामा करेन्ट प्रयोग गरि ट्याक (tack) वेल्ड र फुल वेल्डद्वारा स्टिलको प्लेट फिट गर्नुहोस् ।

b. सहि तरिकाले कटिंगको मेसिनलाई जडान र जाँच गर्नुहोस, चाप (pressure) र लाइटलाई मिलाउनुहोस्। दिईएको लाइन अनुसार वर्क पिसलाई काट्नुहोस्। कार्य समाप्तिपछि कटिंग डिभाइसलाई अलग गरि छुट्याउनुहोस् ।

अवधि : ३ घण्टा

ध्यान दिनु पर्ने कुराहरु :

(a) हरेक परीक्षार्थीले परीक्षा सुरु गर्नु भन्दा पहिले अनिवार्य रुपमा लेखिएको नोट पढ्नु पर्ने छ ।


(b) यदि कुनै परीक्षार्थीले परीक्षाको समयमा सेफ्टी सम्बन्धि कुनै पनि नियम पालना नगरेमा, त्यो परिक्षार्थी स्वत फेल हुनेछ; र

(c) यो प्रश्न पत्र ४ पेजको रहेको छ, सबै बिष हरु मिलाएर पूर्णाङ्क १०० हुनेछ अनि ६० अथवा त्यो भन्दा बढी अंक ल्याउने परीक्षार्थी मात्र पास हुनेछ ।

# इन्टर्मिडिएट ट्रेड

ट्रेड : **साधारण वेल्डर**

दर्जा : **सेमी स्किलड कारिगर**




कार्य चित्र नम्बर. 1

आबश्यकता र बिस्तृत विवरण:

१. वर्क पिसहरु ट्याक वेल्डसंग जोडी सकेपछि फलाट पोजिसनमा राखेर वेल्ड गर्नुहोस।

२. सबै वेल्ड्स हरु पूर्ण वेल्ड्स हुन्।

३. खुट्टाको लम्बाई ५ mm देखि ८mm हुनु पर्छ।

४. सबै वेल्ड्सहरु नबिग्रिएको अथवा दोषमुक्त हुनु पर्छ।

५. काम सकेपछि सबै स्लाग (slags) र स्पाटर (spatters) राम्ररी हटाउने।

| सामग्री | आकार / स्पेसिफिकेशन |
|---|---|
| माईल्ड स्टील प्लेट | 150 x 150 x 6 |
| माईल्ड स्टील प्लेट | 200 x 200 x 6 |
| इलेक्ट्रोड | E6013, ∅ 3.2 |

सबै डाइमेन्सन मिमि मा छन्


ड्रइंग स्केल अनुसार छैन

# इन्टर्मिडिएट ट्रेड टेस्ट

**ट्रेड : साधारण वेल्डर**

**दर्जा : सेमी स्किलड कारिगर**

कार्य चित्र नम्बर. 2




सबै डाइमेन्सन मिमि मा छन्
ड्रइंग स्केल अनुसार छैन

आबश्यकता र बिस्तृत विवरण

१. प्लेटमा कोरिएको रेखा अनुसार वर्क पिस लाइ काट्नुहोस।
२. परीक्षार्थीले फ्लोरमा काम गर्नु पर्ने छ।
३. कर्फ ( kerf's ) को सीधापन को सहनशीलता (Tolerance) ३mm भन्दा बढी हुनु हुदैन।
४. कर्फ (kerf) को चौडाई ४mm भन्दा बढी हुनु हुदैन।
५. कर्फ (kerf) को सिधा रेखा (Perpendicular) २.५mm भन्दा बढी हुनु हुदैन।
६. कर्फ (kerf) को मुनि जोडिएर राखिएको स्लाग (slag) लाई हटाउनु पर्छ।

परीक्षार्थीहरूले ध्यान दिनुपर्ने कुराहरू:

1. परीक्षार्थीहरूले प्रश्नपत्रहरू ध्यान दिएर पढ्नुपर्छ र नबुझेको कुराहरू परीक्षकसँग सोध्न सक्छन्।
2. प्रश्नपत्रमा यदि कुनै ड्रइंग तथा स्पेसिफिकेसनहरू दिइएका छन् भने परीक्षार्थीहरूले परीक्षा सुरु हुनुभन्दा अगावै तिनीहरूलाई ध्यान दिएर पढ्नुपर्छ।
3. परीक्षार्थीहरूले दिइएका प्रश्नपत्र, ड्रइंग तथा स्पेसिफिकेसनहरू अनुसार परीक्षा दिनुपर्छ।
4. परीक्षार्थीहरूले परीक्षामा आउँदा सुरक्षा जुत्ता आफैले लिएर आउनुपर्नेछ। अन्य चाहिने सुरक्षा सामाग्रीहरू भने ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ। परीक्षार्थीहरूले कार्यस्थल सुरक्षाको सुनिश्चितता गर्न सबै सुरक्षा सावधानीहरूलाई अनिवार्य पालना गर्नुपर्छ।
5. परीक्षामा चाहिने सबै औजार तथा सामाग्रीहरू ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ र तिनीहरूको पर्याप्तता तथा गुणस्तरको चेकजाँच तथा पुष्टि भने परीक्षार्थीहरू आफैले गर्नुपर्नेछ। परीक्षार्थीहरूले सबै औजार तथा सामाग्रीहरू ट्रेड प्राक्टिस अनुसार सही तरिकाले प्रयोग गर्नुपर्नेछ। परीक्षार्थीहरूले परीक्षापछि सबै औजारहरू ट्रेड टेस्टिङ सेन्टरलाई अनिवार्य फिर्ता गर्नुपर्छ। यदि कुनै समस्या भएमा परीक्षार्थीहरूले परीक्षकसँग सोध्न र बुझ्न सक्छन्।
6. परीक्षार्थीहरूले परीक्षामा र सम्बन्धित कामहरू गर्न प्रयोगका लागि दिइएका औजार तथा सामाग्रीहरूलाई सम्हालेर चलाउन तथा सार्न आवश्यक हुन्छ।
7. परीक्षा भइरहेको बेलामा परीक्षकले रेकर्डको लागि समय-समयमा फोटो खिचेर राख्नुहुनेछ।
8. परीक्षार्थीहरूलाई क्यामेरा वा मोबाइल फोनहरूबाट कुनै पनि फोटो वा भिडियो खिच्न अनुमति हुँदैन।
9. आकस्मिक अवस्थामा बाहेक परीक्षार्थीहरूलाई ट्रेड टेस्टको समय अवधिभर आफ्नो मोबाइल फोन प्रयोग गर्न अनुमति हुँदैन।
10. तल लेखिएका मापदण्डहरूमा आधारित रहेर मार्किङ (नम्बर दिने) गरिन्छ:
    a) ड्रइंग तथा स्पेसिफिकेसनको सही बुझाइ
    b) परीक्षाभन्दा पहिला सबै चाहिने तयारी
    c) कार्यहरूको (काम गर्ने) प्रक्रियाहरू
    d) कार्यहरूको स्पष्टता तथा गुणस्तर
    e) कार्यहरूको प्रगति
    f) सामग्रीहरूलाई सही ढङ्गले चलाउने तथा प्रयोग गर्ने
    g) औजार तथा उपकरणहरूलाई सही ढङ्गले प्रयोग गर्ने
    h) सुरक्षा सावधानीहरूको पालना
    i) अरु ट्रेडहरूको बारेमा सोच्ने र विचार गर्ने
    j) परीक्षा सकिएपछि समानहरूलाई मिलाउने र सरसफाइ
11. समय सकिने बित्तिकै सबै परीक्षार्थीहरूले परीक्षालाई अनिवार्य रोक्नुपर्छ।
12. परीक्षा सकिएपछि परीक्षार्थीहरूले प्रश्नपत्र अनिवार्य रूपमा परीक्षकलाई बुझाउनुपर्छ।
13. परीक्षकलाई घुस दिने प्रस्ताव गर्नु कानूनी अपराध हो र त्यस्तो केसहरूलाई ट्रेड टेस्टिङ सेन्टरले आइ.सी.ए.सी. (ICAC) मा रिपोर्ट गर्नेछ।

**यदि परीक्षार्थीले कुनै पनि आवश्यक सुरक्षा सावधानीहरू पालना गर्न नसकेको र/वा कुनै डरलाग्दो स्थितिहरूमा काम गरेको खण्डमा उनी फेल भएको मानिनेछ।**